प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुर

## प्रि-डिप्लोमा (साबिक प्राविधिक एस.एल.सी.) तहको विभिन्न कार्यक्रमहरूमा वार्षिक/अन्तिम परीक्षाको आवेदन फाराम भर्नेबारेको अत्यन्त जरुरी सूचना

(प्रकाशित मितिः २०७७।०८।२६ गते )

यस परिषद्बाट प्रि-डिप्लोमा (साबिक प्राविधिक एस.एल.सी तहको सम्बन्धन स्वीकृत प्राप्त गरी आङ्गिक, साझेदारी, सामुदायिक विद्यालयहरूमा प्राविधिक शिक्षा (TECS) कार्यक्रम र निजी स्तरमा सम्बन्धन/स्वीकृति प्राप्त सम्पूर्ण शिक्षण संस्थाहरूले नियमित तथा आंशिक प्रशिक्षार्थीहरूका लागि निकट भविष्यमा सञ्चालन हुने परीक्षामा सम्मिलित हुन सम्बन्धित प्रशिक्षार्थीहरूबाट परीक्षा आवेदन फाराम भराई तपसिलको सर्त नं. १६ अनुसार तोकिएको मितिभित्र र तपसिलको सर्त नं. ७ मा उल्लेख गरिए बमोजिमको परीक्षा शुल्क बुझाएको बैंक भौचरको प्रति आवेदन फारामका साथ अनिवार्य रूपमा बुझाउन हुन सम्बन्धित सबै शिक्षण संस्था एवं प्रशिक्षार्थीहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । तपसिलका सर्तहरू पूरा नभएका र तोकिएको समयभित्र फाराम नबुझाउने प्रशिक्षार्थीहरूलाई परीक्षामा सम्मिलित गराउन नसकिने व्यहोरा समेत सूचित गरिन्छ ।

### परीक्षा सञ्चालन हुने कार्यक्रम तथा समूहहरूः

- **शैक्षिक सत्र २०७६/०७७** मा रजिष्ट्रेसन भई प्रि-डिप्लोमा (साबिकको प्रा.एस.एल.सी.) तहका कार्यक्रम अन्तर्गत प्रशिक्षण पूरा गरेका (१२+६) र (१५+३) महिना अवधिका सम्पूर्ण नियमित समूहहरू तथा शैक्षिक सत्र २०७५।७६ मा रजिष्ट्रेसन भएका २४ (चौबीस) महिने औद्योगिक प्रशिक्षार्थी तालीमहरू

  **12+6 months program,** Livestock Production/Animal Health, Veterinary Science, Agriculture (Plant Science), Civil Engineering, Computer Engineering, Electrical Engineering, Mechanical Engineering, Electronics Engineering, Refrigeration & AC Engineering, Water Supply & Sanitary Engineering, Medical Lab Technology, Culinary Arts, Hotel Management, Computer Application & Secretarial Management, Social Mobilization and Entrepreneurship Development.

  **15+3 months program,** Auxiliary Nurse Midwifery, Community Medical Assistant (CMA), Ayurveda, Automobile Engineering and Survey Engineering.

  **24 months Apprenticeship program,** Electrical Engineering and Mechanical Engineering
- शैक्षिक सत्र २०७२/०७३ मा रजिष्ट्रेसन भएका प्रा.एस.एल.सी अन्तर्गत सञ्चालित २९ महिने कार्यक्रमको आंशिक (प्रथम वर्ष र द्वितीय वर्षका) समूहहरू ।
- शैक्षिक सत्र २०७३/०७४ मा रजिष्ट्रेसन भएका प्रा.एस.एल.सी अन्तर्गत सञ्चालित (१२+६) र (१५+३) महिने अवधिको प्रशिक्षण लिएका माथि उल्लेखित सम्पूर्ण कार्यक्रमका आंशिक समूहहरू ।
- शैक्षिक सत्र २०७४/०७५ मा रजिष्ट्रेसन भएका प्रा.एस.एल.सी अन्तर्गत सञ्चालित (१२+६) र (१५+३) महिने अवधिको प्रशिक्षण लिएका माथि उल्लेखित सम्पूर्ण कार्यक्रमका आंशिक समूहहरू ।
- शैक्षिक सत्र २०७५/०७६ मा रजिष्ट्रेसन भएका प्रा.एस.एल.सी अन्तर्गत सञ्चालित (१२+६) र (१५+३) महिने अवधिको प्रशिक्षण लिएका माथि उल्लेखित सम्पूर्ण कार्यक्रमका आंशिक समूहहरू ।

### सर्तहरू :

१. शैक्षिक सत्र २०७६।७७ (ई.सं. २०१९) देखि भर्ना भई रजिष्ट्रेसन कायम भएका नियमित तर्फका प्रशिक्षार्थीहरूको नियमित विषयहरूको आन्तरिक मूल्याङ्कनको प्राप्ताङ्क Web Based Online System मा Entry गरी समष्टिगत अनुसार प्रशिक्षार्थीहरूको फाराम क्रमअनुसार मिलाई कार्यक्रम अनुसारको Internal Assessment र समष्टिगत फारामको प्रमाणित एक प्रति (Printed Copy) मा सही छाप गरी अनिवार्य रूपमा फाइलिङ गरी पेस गर्नुपर्नेछ । प्रशिक्षार्थीहरूको सिम्बल नं. कायम भई सकेपति Entry गरी सकेका आन्तरिक मूल्याङ्कन प्राप्ताङ्क पछि परिवर्तन हुनेछैन । साथै नियमित शुल्कको समयभित्र Web Based Online System मा फाराम Entry नगरेमा विलम्ब शुल्क लाग्नेछ ।

२. परीक्षा आवेदन फाराममा उल्लेखित विवरणहरू सबै भरिएको हुनुपर्नेछ । आवेदन फाराममा प्रशिक्षार्थीको हालसालै खिचेको अनुहार प्रष्ट देखिने पासपोर्ट साइजको फोटो टाँसिएको हुनुपर्नेछ ।

३. सम्बन्धित शिक्षण संस्थाले प्रशिक्षार्थीको परीक्षा आवेदन फाराममा उल्लेखित विवरण भराइसकेपछि परीक्षा आवेदन फारामका साथ रजिष्ट्रेसन अर्धकट्टीको प्रतिलिपि (नियमित प्रशिक्षार्थीको हकमा) अनिवार्य रूपमा पेस गर्नुपर्नेछ । अन्यथा परीक्षा आवेदन फाराम बुझिनेछैन ।

४. नियमित प्रशिक्षार्थीहरूको हकमा ९०% हाजिरी भएका र आन्तरिक मूल्याङ्कन सबै विषयमा उत्तीर्ण भई योग्य भएका प्रशिक्षार्थीहरूलाई मात्र अन्तिम परीक्षामा सम्मिलित गराइने छ । अन्यथा आन्तरिक मूल्याङ्कनमा अनुत्तीर्ण भएका प्रशिक्षार्थीहरूलाई अन्तिम परीक्षामा सम्मिलित गराएमा त्यस्ता प्रशिक्षार्थीहरूको सम्बन्धित विषयको परीक्षा स्वतः रद्द हुनेछ ।

५. आंशिक प्रशिक्षार्थीहरूको हकमा परीक्षा नियन्त्रण कार्यालयबाट (CTEVT को वेबसाइट www.ctevt.org.np) उपलब्ध गराइएको समष्टिगत (Triplicate) फाराममा प्रशिक्षार्थीले परीक्षा दिने विषयको विवरणका साथै अध्ययन गरेका विषयहरू सैद्धान्तिक र प्रयोगात्मक विषयको तोकिएको कोलममा अध्ययन गरेका विषयमा (√) र अध्ययन नगरेको विषयमा (×) चिन्ह प्रयोग गर्नुपर्नेछ । फोटो भनी तोकिएको कोलममा सम्बन्धित प्रशिक्षार्थीको फोटो स्क्यानिङ गरी राख्नुको साथै प्रशिक्षार्थीको नाम थर (Alphabetic order मा) भरी समष्टिगत (Triplicate) फारामको एक एक प्रति Soft Copy (CD, MS-WORD) र Hard Copy (Printed Copy) परीक्षा आवेदन फाराम साथ अनिवार्य रूपमा संलग्न हुनुपर्नेछ अन्यथा फाराम बुझिनेछैन ।

६. प्रशिक्षार्थीहरूको समष्टिगत फाराम तथा आन्तरिक मूल्याङ्कन फाराम भर्दा रजिष्ट्रेसन नम्बरको क्रमानुक्रम (Acceding Order) अनुसार एकै किसिमले तयार पारी एक एक प्रमाणित प्रति Soft Copy (CD, MS-Excel) र Hard Copy (Printed Copy) फाराम साथ अनिवार्य रूपमा संलग्न गर्नुपर्नेछ र उक्त आन्तरिक मूल्याङ्कन सिट तथा Soft Copy सम्बन्धित प्रदेश कार्यालयका Pre- Diploma रिजल्ट शाखामा बुझाउनुपर्नेछ ।

७. **परीक्षा शुल्क** : निजी रूपमा कार्यक्रम सञ्चालन गरेका शिक्षण संस्थाका लागि नियमित प्रशिक्षार्थीको प्रति प्रशिक्षार्थी रु.२,०००।- (अक्षरेपी दुई हजार मात्र) (परीक्षा शुल्क रु.१,७००।- र कार्यगत मूल्याङ्कन (OJT) रु. ३००) र आंशिक प्रशिक्षार्थीको हकमा प्रति फाराम (एक विषय समेतका लागि) शुल्क बापत रु.२००।- (दुई सय) र थप विषय रु.१५०।- (एक सय पचास) का दरले तथा परिषद्का आङ्गिक तथा TECS कार्यक्रम सञ्चालन गर्ने विद्यालयहरूको नियमित प्रशिक्षार्थीको हकमा प्रति प्रशिक्षार्थी रु.५००।- (अक्षरेपी पाँच सय मात्र) र आंशिक प्रशिक्षार्थीको हकमा प्रति फाराम (एक विषय समेतका लागि) शुल्क बापत रु.२००।- (दुई सय) र प्रति थप विषय रु.१५०।- (एक सय पचास) का दरले लाग्ने थप रकम समेत गरी

(क) प्रा.शि.व्या.ता. परिषद्, १ नं. प्रदेश कार्यालय, इटहरी, सुनसरीः रा.वा. बैंक, इटहरी शाखा, च.हि.नं. २५५०१००००१२७८००१,
(ख) प्रा.शि.व्या.ता. परिषद्, २ नं. प्रदेश कार्यालय, जनकपुर, धनुषाः रा.वा. बैंक, जनकपुर शाखा, च.हि.नं. १५२०००२६३९०१,
(ग) प्रा.शि.व्या.ता. परिषद्, बागमती प्रदेश कार्यालय, मकवानपुर, हेटौडाः रा.वा. बैंक, हेटौंडा शाखा, च.हि.नं. १३००१००००३६६९००१,
(घ) प्रा.शि.व्या.ता. परिषद्, गण्डकी प्रदेश कार्यालय, पोखरा, कास्कीः रा.वा. बैंक, पार्दी, पोखरा शाखा, च.हि.नं. ३५००१०००००२३४००१,
(ङ) प्रा.शि.व्या.ता. परिषद्, लुम्बिनी प्रदेश कार्यालय, बुटवल, रूपन्देहीः रा.वा. बैंक, बुटवल शाखा, च.हि.नं. ३३६०१००००००३६१००१,
(च) प्रा.शि.व्या.ता. परिषद्, कर्णाली प्रदेश कार्यालय, बिरेन्द्रनगर, सुर्खेतः रा.वा. बैंक, सुर्खेत शाखा, च.हि.नं. ४०८०१०००१५५२८००१,
(छ) प्रा.शि.व्या.ता. परिषद्, सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी, कैलालीः रा.वा. बैंक, धनगढी शाखा, च.हि.नं. ४१७०१००००६५०८००१ मा दाखिला हुनेगरी खिचिएको बैंक भौचर परीक्षा आवेदन फाराम साथ संलग्न राखि सम्बन्धित परिषद्का प्रदेश कार्यालयहरूमा तोकिएको मिति मा फाराम बुझाउनुपर्नेछ । भौचरको पछाडीपट्टी शिक्षण संस्थाको नाम, ठेगाना र प्रयोजन स्पष्ट रूपमा अनिवार्य उल्लेख गर्नुपर्नेछ ।

८. आंशिकतर्फका प्रशिक्षार्थीहरूको हकमा पहेँलो रङ्गको पेपर प्रयोग गरी परीक्षा आवेदन फाराम प्रिन्ट (CTEVT को वेबसाइट www.ctevt.org.np बाट डाउनलोड) गरी प्रत्येक प्रशिक्षार्थीलाई एक/एक प्रति सम्बन्धित शिक्षण संस्थाले भराउनु पर्नेछ । प्रत्येक परीक्षा आवेदन फाराममा एक प्रति पासपोर्ट साइजको फोटो टाँस गरी सम्बन्धित शिक्षण संस्थाले सम्बन्धित प्रशिक्षार्थीहरूको परीक्षा आवेदन फाराम भराइ तोकेको मितिभित्र परीक्षा आवेदन फाराम बुझाउनु पर्नेछ । साथै कुनै संस्था बन्द गरिएको भए उक्त संस्थाले अख्तियार गरेको संस्था मार्फत आवेदन फाराम बुझाउनु पर्नेछ । प्रशिक्षार्थीहरूबाट व्यक्तिगत रूपमा बुझाउन ल्याउने परीक्षा फाराम सम्बन्धित प्रदेश कार्यालयहरूमा दर्ता हुनेछैन ।

९. सम्बन्धित शिक्षण संस्थाहरूले आंशिक तर्फका प्रशिक्षार्थीहरूको एक प्रति परीक्षा आवेदन फाराम भराइसकेपछि सम्बन्धित शिक्षण संस्थालाई आंशिकतर्फ सम्बन्धित परिषद् प्रदेश कार्यालयहरूले उपलब्ध गराएको (CTEVT को वेबसाइट www.ctevt.org.np मा राखिएको) परीक्षा सिम्बल नम्बर सम्बन्धित शिक्षण संस्था स्वयंले रातो मसी प्रयोग गरी नम्बरिङ मेसिनबाट प्रष्टसँग देखिने गरी तोकिएको परीक्षा सिम्बल नम्बर प्रत्येक प्रशिक्षार्थीको एक प्रति परीक्षा आवेदन फाराममा मात्र राख्नुपर्नेछ ।

१०. शैक्षिक सत्र २०७२/०७३ भन्दा पहिले रजिष्ट्रेसन भई १८ (१२+६)महिने अवधिको प्रशिक्षण लिइएका प्रशिक्षार्थीहरूको फाराम तथा शैक्षिक सत्र २०७१।७२ र सोभन्दा पहिला रजिष्ट्रेसन भएका २९ महिने अवधिको प्रशिक्षण लिएका प्रशिक्षाथीहरूको फाराम संग्लन गराइएको भेटिएमा त्यस्ता फारामहरू स्वतः रद्द हुनेछ, । यस्ता फाराम संग्लन गराई पठाउने शिक्षण संस्थालाई परिषद्को ऐन, नियम तथा विनियम बमोजिम कारबाही हुनेछ ।

११. शिक्षण संस्थाहरूबाट ट्रेड अनुसार नियमित तथा आंशिक परीक्षार्थीहरूको आवेदन फाराम प्रत्येक शैक्षिक सत्र अनुसार छुट्टाछुट्टै फाइल खडा गरी छुट्टाछुट्टै रकम बुझाएको रसिद संलग्न गरी सम्बन्धित परिषद् प्रदेश कार्यालयहरूमा दर्ता गर्नुपर्नेछ ।

१२. आंशिक प्रशिक्षार्थीहरूको हकमा परीक्षा नियन्त्रण कार्यालयले सञ्चालन गरेको अघिल्लो परीक्षाबाट प्राप्त लब्धाङ्क पत्रको प्रतिलिपि फाराम साथ अनिवार्य रूपमा संलग्न हुनुपर्नेछ साथै अनुत्तीर्ण प्रशिक्षार्थीहरूले फाराम भर्दा OJT तथा प्रयोगात्मक विषय समेत अनिवार्य रूपमा उल्लेख गरेको हुनुपर्नेछ र सोको समेत राजस्व जम्मा गरेको हुनुपर्नेछ ।

१३. उल्लेखित सर्त पूरा नभएका र तोकिएको समय पछि प्राप्त आवेदन फाराम उपर कुनै कारबाही गरिनेछैन, त्यसको जवाफदेही स्वयं शिक्षण संस्था हुनेछ ।

१४. कुनै पनि शिक्षण संस्थाले रजिष्ट्रेसन नभएका प्रशिक्षार्थीहरूको परीक्षा आवेदन फाराम नियतवश समावेश गराई यदि प्रशिक्षार्थीहरूले परीक्षा दिएमा त्यस्ता परीक्षार्थीहरूको परीक्षा नतिजा स्वतः रद्द हुनेछ । र त्यस्ता शिक्षण संस्थालाई परिषद्को ऐन, नियम तथा विनियम बमोजिम कारबाही हुनेछ ।

१५. परीक्षा आवेदन फाराम भर्दा केरमेट, टिपेक्स लगाएको पाइएमा परीक्षा आवेदन फाराम बुझिनेछैन ।

१६. **प्रशिक्षार्थीहरूका लागि सम्बन्धित शिक्षण संस्थामा परीक्षा फाराम बुझाउने अन्तिम मितिः**
नियमित शुल्कको हकमा : **मिति २०७७।०८।२६ गतेदेखि २०७७।०९।१६ गतेभित्र ।**
विलम्ब शुल्कको हकमा : **मिति २०७७।०९।१७ गतेदेखि २०७७।०९।२३ गतेभित्र ।**
**शिक्षण संस्थाहरूका लागि तोकिएको स्थानमा परीक्षा फाराम बुझाउने अन्तिम मितिः**
नियमित शुल्कको हकमा (रकम दाखिला गरेको बैंक भौचरसहित) : **२०७७।०९।१९ गतेभित्र ।**
विलम्ब शुल्कको हकमा (रकम दाखिला गरेको बैंक भौचरसहित) : **२०७७।०९।२६ गतेभित्र ।**
(**विलम्ब शुल्क भन्नाले नियमित शुल्कको (कार्यगत शुल्क बाहेक) दोब्बर शुल्क भन्ने बुझ्नुपर्नेछ ।**)

१७. हुलाक, कुरियर मार्फत पठाउने परीक्षा आवेदन फाराम समेत तोकिएको समयभित्र सम्बन्धित परिषद्, प्रदेश कार्यालयहरूमा दर्ता नभएमा परीक्षा आवेदन फाराम स्वीकृत गरिनेछैन । त्यसको जवाफदेही सम्बन्धित शिक्षण संस्था स्वयं नै हुनुपर्नेछ ।

१८. प्रवेश पत्र सम्बन्धित शिक्षण संस्थाले परीक्षा सुरु हुने एक हप्ता अगावै परिषद्का सम्बन्धित प्रदेश कार्यालयहरूबाट बुझि लैजानुपर्नेछ । प्रवेश पत्र बिना परीक्षामा सामेल गराइनेछैन ।

१९. अन्य जानकारीका लागि परिषद्का सम्बन्धित प्रदेश कार्यालयहरूमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

**नोट**:

१. नियमित तर्फका सिम्बल नं. एकमुष्ट Generate गर्नुपर्ने भएकाले परीक्षा आवेदन फाराम मिति २०७७।०९।१८ गतेभित्र नियमित शुल्कको तथा मिति २०७७।०९।२५ गतेभित्रमा विलम्ब शुल्कको राती १२:०० बजेभित्रमा Web Based Online System मा शिक्षण संस्थाहरूले Entry गरिसक्नुपर्नेछ ।

२. सम्पूर्ण शिक्षण संस्थाहरूले पाठ्यक्रमले निर्धारण गरेको पाठ्यभार अनुसार प्रशिक्षण कार्य सम्पन्न नभएको भए वैकल्पिक विधि वा भौतिक रूपमा उपस्थित गराई नेपाल सरकारले तोकेको स्वास्थ्य सम्बन्धी मापदण्डको पालना गर्दै प्रशिक्षण कार्य सम्पन्न गर्नुपर्नेछ ।

३. परिषद्, प्रदेश कार्यालयहरूलाई प्रशिक्षणको अवस्थाको अनुगमन गरी पाठ्यक्रम अनुसारको प्रशिक्षण कार्य सम्पन्न भए नभएको यकिन गरी वार्षिक परीक्षा प्रणाली अन्तर्गतका कार्यक्रमहरूको परीक्षा सञ्चालन गर्नका लागि समयावधि तोकी सिफारिस गर्ने ।

४. परिषद्, प्रदेश कार्यालयको सिफारिसको आधारमा परीक्षाको कार्यतालिका प्रकाशन गरी परीक्षा सञ्चालन गरिनेछ ।

**यो सूचना परिषद्को वेबसाइट www.ctevt.org.np मा उपलब्ध हुनेछ ।**

**परीक्षा नियन्त्रक**